# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदिपुर, पोखरा, नेपाल

पत्र संख्याः ०८१।८२
चलानी नं.:

मितिः २०८१।०६।१३

**अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुको लागि सेवाकालीन तालिम सञ्चालन सम्बन्धी सूचना।**

यस प्रतिष्ठानको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सेवाकालीन तालिम (३० कार्यदिने) सञ्चालनका लागि मिति २०८१।०४।२२ गते प्रकाशित सूचना बमोजिम प्राप्त निवेदन मध्ये योग्यता पुगेका कर्मचारीहरुको प्राथमिकता क्रम मिति २०८१।०५।१३ मा प्रकाशित गरिएकोमा उक्त प्राथमिकता क्रममा रहेका अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुको लागि तालिम तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

मितिः २०८१।०७।०५ गतेदेखि
समयः विहान १० बजेदेखि दिउँसो ५ बजेसम्म
स्थानः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा।

तालिम सम्बन्धी थप जानकारीहरु

१. अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुको लागि २ (दुई) वटा समूहमा तालिम सञ्चालन गरिनेछ।
२. अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुको लागि सञ्चालन गरिने यस तालिममा प्राथमिकता क्रम सि नं १ देखि ६० सम्मका कर्मचारीलाई समावेश गरिनेछ।
३. अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुको प्राथमिकता क्रम सि नं १ देखि ६० का कर्मचारीहरुले यसै सूचनालाई आधार मानी मिति २०८१।०६।१८ गतेसम्म सम्बन्धित कार्यालयबाट तालिममा सहभागी हुन पठाइएको पत्र उपलब्ध गराई सहभागिता सुनिश्चितता गराउनुपर्नेछ।
४. अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुको प्राथमिकता क्रम सि नं १ देखि ६० का कर्मचारीहरु कुनै कारणवस तालिममा सहभागी हुन नसक्ने भएमा प्राथमिकता क्रमका आधारमा क्रमशः सहभागी गराइनेछ।
५. तालिम कार्यक्रम अवधिभर दिवा खाजा बाहेक अन्य सुविधा प्रतिष्ठानबाट उपलब्ध गराइनेछैन।
६. तालिम प्रयोजनका लागि जेष्ठताको आधारमा प्राथमिकता क्रम निर्धारण गरिएको मिति २०८१।०५।१३ गतेको सूचना यस प्रतिष्ठानको वेभसाइट https://gpta.gandaki.gov.np मा हेर्न सकिनेछ।
७. शहरी विकास तथा भवन कार्यालय, पोखरामा कार्यरत सिनियर सब इन्जिनियर (छैटौं तह) मा कार्यरत श्री निर्मला बरालले अधिकृतस्तर छैटौं तहको TMIS Portal मा डाटा अपलोड गर्नुपर्नेमा भुलबस पाचौं तहको TMIS Portal मा डाटा अपलोड गरेकोले प्रतिष्ठानको मिति २०८१।५।२७ को निर्णयानुसार निजको प्राथमिकता क्रम अधिकृतस्तर छैटौ तहको सि नं ५९ कायम गरिएकोले सो भन्दा पछाडिको प्राथमिकता क्रम सोही बमोजिम हुने बेहोरा समेत सूचित गरिन्छ।

२०८१।०६।१३

(जित बहादुर राना)
शाखा अधिकृत

शाखा अधिकृत



Scanned with CamScanner